वर्ष २२ | अंक १०३ | नेपाल संवत् ११४४ | २०८० माघ ७ गते आइतबार | 21 Jan., 2024 | पृष्ठ ४ | मूल्य रु. १०

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com राष्ट्रिय दैनिक

समाधान मिडिया प्रा.लि.






टाइगर कप भलिबल

## महिलातर्फ एपिएफ र पुरुषतर्फ हेल्प नेपाललाई उपाधि





समाधान संवाददाता
पोखरा, ६ माघ

पोखरामा भएको चौथो टाइगर कप भलिबल प्रतियोगितामा महिलातर्फ विभागीय टोली सशस्त्र प्रहरीको एपिएफ क्लबले उपाधिमा ह्याट्रिक गरेको छ भने पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस क्लबले उपाधि जितेको छ ।

शनिबार भएको महिलातर्फको फाइनलमा चन्द्रागिरी न्यु डायमन्ड क्लबलाई ३-० को सोझो सेटमा हराउँदै एपिएफले लगातार तेस्रो पटक उपाधि चुमेको हो । पहिलो सेट एपिएफले २५-२० र दोस्रो सेट २५-१८ तथा तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको हो ।

यता, पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस क्लब काठमाडौं च्याम्पियन भएको छ । ३ जना भारतीय खेलाडी सम्मिलित डिफेन्डिङ च्याम्पियन गण्डकी प्रदेश भलिबल संघलाई ३ पाकिस्तानी खेलाडी सम्मिलित हेल्प नेपाल स्पोर्टस क्लबले ३-१ को सोझो सेटमा पराजित गर्दै च्याम्पियन भएको हो ।

खेलमा पहिलो सेट २५-१३ ले जितेको हेल्प नेपालले दोस्रो सेट २५-१८ ले जित्दै दबाबमा राखे पनि तेस्रो सेटमा खेलमा पुनरागमन गर्दै गण्डकीले

**एपिएफकी निरुता ठगुन्ना र टिपटपका फकर उद्दिन सर्वोत्कृष्ट खेलाडी**

२६-२५ ले जित्यो । चौथो सेट हेल्प नेपालले २५-१७ ले सहज जित दर्ता गर्दै पहिलो पटक उपाधिसमेत पाएको हो ।

च्याम्पियन बनेका हेल्प नेपाल स्पोर्टस क्लब र एपिएफले समान नगद ५ लाख ५५ हजार ५ सय ५५ पाएका छन् भने उपविजेता न्यू डायमन्ड र गण्डकीले नगद २ लाख ५५ हजार ५ सय ५५ मा चित्त बुझाएका छन् ।

पुरुषतर्फ सशस्त्र प्रहरीको एपिएफ क्लबले तेस्रो स्थान प्राप्त गरेको छ । शनिबार नै भएको तेस्रो स्थानको खेलमा पाहुना टोली श्रीलंका आर्मी टिमलाई एपिएफले सोझो ३-० सेटमा पराजित गरेको छ । पहिलो सेट २५-२३, दोस्रो सेट २५-२१ र तेस्रो सेट २७-२५ ले जित्दै प्रतियोगितामा एपिएफ तेस्रो बनेको हो ।

प्रतियोगितामा महिलातर्फ एपिएफ क्लबकी निरुता ठगुन्ना र पुरुषतर्फ टिपटप हेल्प नेपालका फकर उद्धिन सर्वोत्कृष्ट खेलाडी घोषित भए । उद्धिन पाकिस्तानी खेलाडी हुन् । उनीहरुले ट्रफीका साथमा जनही नगद २५ हजार ५ सय ५५ पाएका छन् ।

विधागत रुपमा उत्कृष्ट स्पाइकरमा एपिएफकी सरस्वती चौधरी, उत्कृष्ट सेटरमा एपिएफकी जस्मिता महतो, उत्कृष्ट सर्भर न्यू डायमन्डकी बालमिका आचार्य, उत्कृष्ट ब्लकर आर्मीकी सुनिता खड्का र उत्कृष्ट डिफेन्डरमा न्यू डायमन्डकी सलिना श्रेष्ठ भए भने उत्कृष्ट प्रशिक्षकमा एपिएफका महेश चौधरी घोषित भए । उनीहरुले जनही नगद १५ हजार बराबरका गिफ्ट ह्याम्परका साथमा ट्रफी पाएका छन् ।

पुरुषतर्फ उत्कृष्ट स्पाइकरमा टिपटप हेल्प नेपालका पाकिस्तानी खेलाडी मजहर अली चुनिँदा सोही टिमका पाकिस्तानी खेलाडी मोहमद काशिफ उत्कृष्ट सेटर भए । उत्कृष्ट सर्भरमा गण्डकीका हिमाल सुनारी घोषित हुँदा उत्कृष्ट ब्लकरमा गण्डकीकै भारतीय खेलाडी रामास्वामी आङ्गामुथु घोषित भए भने पुरुषतर्फ टिपटप हेल्प नेपालका प्रशिक्षक उत्सव खडका घोषित भए । उनीहरुले जनही नगद १५ हजार बराबरका गिफ्ट ह्याम्परका साथमा ट्रफी प्राप्त गरेका छन् ।

माघ १ गतेबाट सुरु भएको चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रण क्लबस्तरीय प्रतियोगितामा महिला र पुरुष गरी १२ टिमको सहभागिता थियो । लिग कम नकआउटका आधारमा सञ्चालित प्रतियोगितामा महिलातर्फ १ भारतीय र पुरुषतर्फ श्रीलंकाको आर्मी टिम सहभागी थिए ।

विजेता टिम तथा खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद सदस्य सचिव टंकलाल घिसिङ, प्रदेश खेलकुद परिषद् सदस्य सचिव श्रीधर शर्मा, पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, केल्मी नेपालका उत्तम न्यौपाने लगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरे ।

आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायणप्रसाद शर्माले प्रतियोगिता गर्न सहयोग गर्ने विभिन्न संघ, संस्था र व्यक्तिलाई धन्यवाद दिएका छन् ।

## गण्डकीका ३४ पालिका सामाजिक सुरक्षा कोषमा



समाधान संवाददाता
पोखरा, ६ माघ

गण्डकीका ३४ वटा पालिका योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन् । यसअघि प्रदेशभरिबाट बागलुङको ताराखोला गाउँपालिका र स्याङ्जाको फेदीखोला गाउँपालिका मात्र कोषसँग आवद्ध थए ।

शनिबार ३२ थप पालिकाले कोषमा आवद्ध हुन सम्झौता गरेका हुन् । पोखरा महानगरपालिकाले अझै सम्झौता गरिसकेको छैन । सरकारले लागू गरेको सामाजिक सुरक्षा कोषलाई नागरिक स्तरमा पुर्‍याउन अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारलाई पनि कोषमा समेट्न पालिकाले सम्झौता गरेको कोषका निर्देशक उत्तमराज नेपाल बताउँछन् ।

कोषले अनौपचारिक क्षेत्र र स्वरोजगारलाई कोषमा आबद्ध गराउने कार्यविधि जारी गरेपछि गण्डकीका स्थानीय तहसँग सम्झौता गरी पालिकाले श्रमिकलाई कोषमा सूचीकृत गराएको उनी बताउँछन् । ‘असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार’ नारा बोकेर गण्डकी प्रदेशका ५ जिल्लाका ४३ गाउँपालिकाका जनप्रतिनिधिसँग कोषले शुक्रबारदेखि २ दिने कार्यशाला गोष्ठी गरेको थियो ।

गोष्ठीको अन्तिम दिन शनिबार सहभागी ४३ मध्ये ३२ वटा पालिकाले सम्झौता गरेको निर्देशक नेपालले बताए । नेपालमा सामाजिक संरक्षणको अवस्था, कोषको योजना र सामाजिक सुरक्षालाई कसरी स्थानीय तहसम्म पुर्‍याउने लगायतका एजेन्डाका बारेमा ब्रिफिङ गर्दै गोष्ठी समापन भएको छ । शनिबार कोषमा आवद्ध हुनेमा गण्डकीका स्याङ्जा, कास्की, पर्वत, बागलुङ र तनहुँ जिल्लाका पालिका हुन् ।

स्याङ्जाको फेदीखोला गाउँपालिकाले अनौपचारिक क्षेत्रका मजदूर र किसानलाई कोषमा यसअघि नै आवद्ध गराइसकेको थियो । सामाजिक सुरक्षा कोषमा आवद्ध हुने फेदीखोला पहिलो गाउँपालिका हो । फेदीखोलाले अनौपचारिक क्षेत्रका श्रमिकमध्ये ५९ जनालाई सूचीकृत गराएको छ। सूचीकृत भएका श्रमिकको तर्फबाट स्थानीय तहले ९ दशमलव ३७ प्रतिशत रकम योगदान गर्नुपर्छ ।

कोषमा आबद्ध हुने अनौपचारिक क्षेत्रका श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिकको २० दशमलव ३७ प्रतिशत रकम योगदान गर्नुपर्छ। जसमध्ये ११ प्रतिशत रकम श्रमिक आफैँले व्यहोर्नुपर्ने छ भने ९ दशमलव ३७ प्रतिशत रकम सरकारले थप गर्छ। तर, स्वरोजगारले भने न्यूनतम पारिश्रमिकको ३१ प्रतिशत रकम योगदान गर्नुपर्छ।

सामाजिक सुरक्षा कोष स्थापना भएको ६ वर्ष भयो । यसको पोखरामा सम्पर्क कार्यालय छ । कोषबाट गैरसरकारी र निजी क्षेत्रमा काम गर्ने कर्मचारी र श्रमिकका लागि योगदानमा आधारित पेन्सन योजना सञ्चालनमा छ । कोषमा योगदान गरेको १५ वर्षपछि पेन्सन आउँछ । तर बिचैमा निधन भए आश्रितलाई पेन्सन आउँछ ।

आधारभूत पारिश्रमिकको ६० प्रतिशतका दरले कोषबाट पेन्सन आउँछ । सामाजिक सुरक्षा कोषमा अहिलेसम्म देशभरबाट ९ लाख जनाभन्दा बढी सहभागी भएका छन् । कोष ६ वर्षअघिमात्रै स्थापना भएको हुँदा धेरै कुरा सुधार गरिएको र धेरै अझै सुधारिँदै गएको कोषले जनाएको छ ।

कोषको पोखरा सम्पर्क कार्यालय प्रमुख रमेश ढुंगेलका अनुसार गण्डकीबाट ८ हजार ६६ रोजगारदाता अनौपचारिक क्षेत्रमा आवद्ध भएका छन् भने गण्डकीमा १८ हजार २ सय ५० जना योगदानकर्ता आवद्ध भएका छन् ।

**- बाँकी पृष्ठ ३**

## उद्घाटन खेल आयोजक र थ्रि स्टारबीच

Aaha! RARA POKHARA GOLD CUP

पोखरा, ६ माघ (समाधान)- सहारा क्लब पोखराको आयोजनामा पोखरा रंगशालामा माघ ९ देखि सुरु हुने २३ औं आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेल आयोजक र थ्रि स्टार क्लबबीच हुने भएको छ ।


क्लबले सार्वजनिक गरेको टाइसिट अनुसार पहिलो दिन आयोजक सहारा क्लबले थ्रि स्टारको सामना गर्ने भएको हो । दोस्रो दिन माघ १० मा विभागीय त्रिभुवन आर्मी फुटबल क्लब र राइजिङ स्टार फुटबल क्लब तथा माघ ११ मा मछिन्द्र र जावलाखेल युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

माघ १२ मा विभागीय नेपाल एपीएफ फुटबल क्लब र नेपाल पुलिस क्लब आमनेसामने हुने छन् । भारतको दिल्ली फुटबल क्लब नआउने भएपछि पहिलो चरणको अन्तिम खेलमा विभागीय एपिएफलाई स्थान दिइएको आयोजकले जनाएको छ । साविक विजेता संकटा, भुटानको पारो फुटबल क्लब, मनाङ मर्स्याङ्दी र चर्च ब्वाइज युनाइटले सिधैं क्वाटर फाइनल खेल्ने छन् ।

१२ टिमले भाग लिएको प्रतियोगितामा समूह ‘ए’ मा आयोजकसहित भुटान, थ्रि स्टार, मच्छिन्द्र, जावलाखेल युथ र मनाङ मर्स्याङ्दी छन् । फाइनल २० गते हुनेछ । आहा राराका लागि विभिन्न संघ, संस्थाले सहयोग गर्ने क्रम जारी छ ।

प्रतियोगितामा १ करोड ८६ लाख आम्दानी र १ करोड ४९ लाख खर्च हुने आयोजकको अनुमान छ । बचत रकम सहारा एकेडेमीमा खर्च गरिने आयोजकले जनाएको छ ।

## पुम्दीकोटमा बन्दैछ ‘गुटेरेस प्वाइन्ट’



धर्मेन्द्र झा/वासुदेव पौडेल
पोखरा, ६ माघ

संयोग मान्नुपर्छ त्यसदिन पुम्दीकोटको आकाश खुलेको थियो, हिमाल पूरै हाँसेका थिए । पोखरा पुग्ने जोकोहीलाई पनि त्यहाँबाट देखिने हिमाल र पोखराको दृश्य मनमोहक लाग्छ । यस्तै लागेको थियो गत कात्तिक १३ गते संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई पनि ।

यहाँ आउने पूर्ववत् कार्यक्रम त थिएन, तर नेपाल भ्रमणका क्रममा पोखरा आएका महासचिव गुटेरेस त्यसदिन यहाँको धार्मिक पर्यटकीय गन्तव्य बन्दै गरेको पुम्दीकोट उक्लिए । शिवजीको विशाल मूर्ति हेर्दै भित्र पसेका यी विशिष्ट पाहुनाको स्वागतको पर्खाइमा थिए सुन्दर पोखरा र सेता हिमाल ।

गुटेरेस बारम्बार हिमाल र

**महासचिव गटेरेस लोभिएको कुनालाई पुम्दीकोट विकास समितिले ‘गुटेरस प्वाइन्ट’का रूपमा विकास गर्ने योजना बनाएको छ**

फेवाताल चियाउँथे र मुहार उज्यालो पार्थे । त्यो दृश्यले महासचिवको मन पनि लोभ्याएको तथ्य उनको हर्षित मुहारमा देखिन्थ्यो । दिउँसो ४ :३० बजे यहाँ आइपुगेका महासचिव गुटेरेसलाई स्वागत गर्न तयारी अवस्थामा थिए पोखरा महानगरका प्रमुख धनराज आचार्य र महादेवको मूर्ति निर्माण अभियानका संयोजक चन्द्रकान्त बराल । साथमा पोखरा महानगरपालिका वडा नं २२ का वडाध्यक्ष हिमलाल बराल पनि पुगे ।

गुटेरेस दृश्यावलोकन गर्दै विशाल मूर्ति परिसरको दक्षिण पश्चिम कुनामा पुगे । त्यो कुनाबाट अविचलित हेरिरहँदा लाग्थ्यो उनलाई त्यस कुनाले मोहनी नै लगाएको थियो । केहीबेरको हेराइपछि उनी मूर्ति परिसरको माथिल्लो तल्लामा पुगे । त्यहाँबाट पनि दृश्यहरू नियालिरहँदा उनी निकै हर्षित मुामा देखिन्थे । उक्त तलाबाट दृश्यावलोकनसँगै विभिन्न विषयमा जानकारी लिएका गुटेरेस त्यहाँबाट झरे । पुनः अघि हेरेकै कुनामा फर्किएर दोहोर्‍याएर हिमालसहितको पोखरा आँखामा कैद गरे । त्यहाँबाट फर्किएका गुटेरसको मन अझै रमाएको थिएन । फेरि तेस्रोपटक पनि त्यही कुनामा पुगे ।

उनी त्यस कुनाबाट देखिने अलौकिक दृश्य चियाउँदै थिए भने उनको स्वागतार्थ त्यहाँ उपस्थित सबैजना गुटेरेसलाई हेर्दै थिए । पछि उनी लोभिएको त्यो कुनातर्फ नै सबैको ध्यान पुग्यो । त्यही कुनालाई पुम्दीकोट विकास समितिले ‘गुटेरस प्वाइन्ट’का रुपमा विकास गर्ने योजना बनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव जस्तो विश्वकै अतिविशिष्ट व्यक्तिलाई मोहित बनाएको कुनालाई ‘गुटेरस प्वाइन्ट’का रुपमा विकास गर्ने सोच अघि बढाइएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए । **- बाँकी पृष्ठ ४**


informatics college • pokhara

ing GROUP

**WE ARE HIRING**

**Informatics College Pokhara**, established in 2011 AD, is an autonomous private education institution dedicated to excellent academic performance and student experiences. The College has been providing quality and industry-ready education to Nepalese students, making it a leading academic institution in Pokhara.

Applicants are invited for Full Time/Part Time faculty position in the following courses:

**For : IT Officer**

Sound knowledge of system administration, system Network operation and Hardware and Networking.

**For Business Administration (BBA) program**

1. Use of Artificial Intelligence and Big Data in Business

**Qualifications:**

Ph.D / MBA / MBS / Master's Degree in relevant field or BBA / BBS degree with work experience.

Preference will be given to candidates with knowledge of IT tools like Ms-Excel.

**For Information Technology (IT) program**

1. Programming (Java/ Python/ C#/ Asp.net/ php)
2. Computer Hardware and Software Architecture
3. Databases (Oracle/ MySql)
4. Software Engineering
5. Mathematics

**Qualifications:**

Ph.D / M.Sc. / M.E. / Master's Degree/ Bachelor's degree in relevant field.

**Remuneration is not an issue for deserving candidate.**

Interested candidates are requested to send their updated CV or queries to **hr@icp.edu.np** by **22 January, 2024** Please mention the program you wish to apply for in the subject of the email.

## सम्पादकीय

# सबैलाई सामाजिक सुरक्षा

नेपाली सर्वसाधारणको सबैभन्दा ठूलो चिन्ता शिक्षा र स्वास्थ्यको गुणस्तर अनि त्यसको शुल्कमात्रै होइन, भविष्यका लागि बचत पनि हो । काम गर्ने उमेरमा काम गऱ्यो तर अवकास जिन्दगीमा कुनै स्वास्थ्य समस्या आए उपचार कसरी गर्ने भन्ने धेरै नेपालीको चिन्ताको विषय हो । अझ काम गर्दा गर्दै दुर्घटना भए पनि उपचार गर्ने पैसा जुटाउन साधारण नागरिकलाई कठिन छ । अर्कोतिर झन् न काम र आम्दानी भइदिए के गर्ने ? सडककै बास हुन्छ । सामान्य जागिर गर्नेलाई त कुन बेला के हुने हो र भविष्य के हुने हो भन्नेमात्रै चिन्ता छ भने दिनभर काम गरेर साँझविहानको छाक टार्नेका दुख झन् कति धेरै होलान् । हो, सामाजिक सुरक्षाको सुनिश्चितकै दुखले नेपालीहरुलाई दुखमाथि दुख छ । ५–६ वर्षअघि नेपालमा पनि सामाजिक सुरक्षा कोषको स्थापना गरी त्यस्तो प्रयास भने थालिएको छ । तर जुन गतिमा यसको विस्तार र विकास हुनुपर्ने हो कत्ति भएको छैन । गण्डकी प्रदेशकै कुरा गर्ने हो भने अहिलेसम्म १७ हजारजना यो कोषमा आवद्ध भएका छन् । जब कि यो प्रदेशको जनसंख्या २४ लाख हो ।

सामाजिक सुरक्षा कोषमा सबैजसो नागरिकलाई आवद्ध गराउनु भनेको राज्यलाई धेरै हदसम्ममा सामाजिक सुरक्षाको भार कम हुनु हो । जस्तो कि अहिले सरकारले वृद्धवृद्धालाई भत्ता उपलब्ध गराउँछ । एकल महिला र पुरुषदेखि विभिन्न वर्गका व्यक्तिलाई भत्ता छ । सामाजिक सुरक्षा कोषमा आवद्ध गराएर योगदानमा आधारित पेन्सन कार्यक्रममा समावेश गर्ने हो भने वृद्धवृद्धालाई भत्ता दिनुपर्दैन, पेन्सन आइहाल्छ । त्यो पनि सरकारले दिने होइन, उनीहरुले नै जागिरे जीवनमा गरेको योगदानका आधारमा । अनौपचारिक क्षेत्रका नागरिकलाई पनि कोषमा आवद्ध गराउन सकिन्छ, जागिरेलाई मात्रै होइन । सरकारी सेवा गरेमात्रै पेन्सन आउने र सुरक्षित हुने भइने भन्ने मानसिकता हराउँछ । निजी क्षेत्रमा काम गर्दा भविष्य सुरक्षित हुन्छ भन्ने हुन्छ । हो पनि अहिले नै कतिपयका आश्रितले पेन्सन पाउन थालिसकेका छन् । जागिरे जीवनमा दुर्घटनामा पर्दा उपचार पाएका छन् । सरकारलाई भार पनि नपर्ने र रोजगारी गर्नेले नै योगदान गर्ने कोषलाई सबैतिर पुऱ्याउनुपर्छ । यसले रोजगारदाता र रोजगारी गर्नेबिच नेपालमा देखिँदै आएका सबैजसो समस्याको पनि हल गर्छ । सरकारले निजी क्षेत्रका सबै संस्थालाई कोषमा आवद्धता अनिवार्य नै गर्नुपर्छ । बैंकहरुका कर्मचारीहरुले यसको विरोध गरेको पनि सुनिन्छ, देखिन्छ, त्योचाहिँ राज्य कमजोर हुनुको र सरकारले अनिवार्य नगरिदिँदाको परिणाम हो ।

# मन्त्रीले चाहेरमात्रै केही हुन्न



**अब्दुल खान**

संघीय सांसदको हैसियतले सांसद, मन्त्रिषरिद्को सदस्य र विषयगत समितिको सभापतिका रुपमा अहिले भइरहेको संसदीय अभ्यासलाई तीन चरणमा हेर्न, बुझ्न र अनुभव गर्न पाएको छु । प्रतिनिधिसभा सदस्य निर्वाचन जितेर आएपछि छोटो अवधि नै भए पनि मन्त्रिपरिषद्मा रहेर काम गरेको अनुभव छ । संसदीय समितिको सभापतिको भूमिकामा रही अहिले काम गरिरहेको छु । सांसदको भूमिकामा रहँदा संसद्मा निर्वाचन क्षेत्र, जिल्ला र राष्ट्रिय महत्त्वका घटना, परिघटना र विषयवस्तु उठाउने गरिन्छ ।

सदनमा कुन विषय कसरी राख्ने र त्यसको छिटोछरितो सम्बोधन कसरी भन्ने कुनै कार्यविधि छैन । केवल बोल्ने, रेकर्ड गराउने र हिँड्ने मात्र भएको छ । उठाइएका विषयवस्तुको कार्यान्वयन कहिले भन्ने विषय सधैँ प्रश्न छ । सबै सांसदको आ-आफ्नै कार्य जिम्मेवारी र उत्तरदायित्व छ । कुनै पनि विषय सदनमा प्रवेश गराए पनि कार्यान्वयन भइहाल्छ भन्ने सुनिश्चिता छैन । बरु अन्यौल नै छ । सदनमा सबैले आ-आफ्ना तर्क राखे तापनि निर्णय प्रक्रिया बहुमतीय प्रणालीबाटै हुन्छ । जति नै राम्रा विषय र बहस भए पनि अन्तिममा 'हुन्छ र हुन्न'को बहुमतबाट किनारा लगाइन्छ । सार्वभौमसत्ता सम्पन्न भएर पनि सांसदको निर्णय प्रक्रियामा निर्णायक भूमिका देखिन्न । पार्टीका केही नेताको निर्णय नै सर्वोपरि हुनेगर्छ । बजेटमाथिको छलफलमा एक महिना भाग लिइयो तर कुनै परिवर्तन भएन । कतिपय विषय 'रेडिमेट' अवस्थामा प्रवेश हुन्छ । पछि जति नै सुझाव दिए पनि त्यही स्थितिमै पारित गरिन्छ ।

**मन्त्रीले चाहँदैमा सबै कुरा हुन्न**

मन्त्रिपरिषद्मा रहँदाको अनुभव एउटा मन्त्रीले चाहँदैमा सबै कुरा हुन्छ र सकिन्छ भन्ने होइन । मन्त्रीले चाहने हो भने जे पनि गर्न सक्छ भन्ने जनमानसमा सोच छ, त्यो सोच अहिलेको परिप्रेक्षमा भ्रम मात्र हो । धेरै खुड्किला र चरण पार गरेपछि मात्र काम हुनसक्छ । त्यसका लागि मन्त्रालयको सचिवसहित कर्मचारीतन्त्रलाई विश्वासमा लिनुपर्छ । उहाँहरूमा पनि देश र जनताप्रति केही गर्नुपर्छ भन्ने जिम्मेवारी बोध हुनुपर्छ । त्यसमा पनि मन्त्रीको भूमिका, नियत र कार्यशैलीमा धेरै कुरा निर्भर रहन्छ । मन्त्रीजस्तो हुन्छ, कर्मचारीको पनि सोहीअनुरुपको बानी बेहोरा हुन्छ । त्यसमा पनि अर्थ मन्त्रालय र मुख्यसचिवको कुरा आउँछ । कुनै पनि काम पूरा गर्न सबै प्रक्रिया र चरणमा तालमेल मिल्नुपर्छ । नत्र जति नै राम्रो योजना बनाए पनि अर्थ मन्त्रालयले सहमति नदिएसम्म कार्यान्वयनमा ल्याउन सकिन्न । प्रधानमन्त्रीलाई पनि विश्वासमा लिनुपर्छ । कुन काम कसरी गराउने भन्ने उहाँको सोचमा निर्भर रहन्छ । मन्त्रिपरिषद्मा उहाँकै अन्तिम निर्णय हुन्छ । मन्त्रालयको वातावरण, अर्थ मन्त्रालय, मुख्यसचिव र प्रधानमन्त्रीबीच आयोजना अघि बढाउने विषयमा एउटै मत हुन आवश्यक छ, अनि मात्र योजना कार्यान्वयनमा जान सक्छ । मन्त्रिमण्डलमा रहँदाको यो मेरो अनुभव र बुझाइ हो । अहिले संसदीय समितिको सभापतिको भूमिकामा रहँदा खासगरी सबै विषयगत सक्रिय र प्रभावकारी नै देखिरहेको छु । बैठक, अनुगमन र निर्देशन गर्ने कार्यमा समितिले लापर्वाही गरेको छैन । समितिका निर्देशन यति समयभित्र पालना गर्नुपर्छ भन्ने कुनै बाध्याकारी नियम पनि छैन । कहिले लागू गर्ने भन्नेमा सम्बन्धित मन्त्री र सचिवमा निर्भर पर्छ । छिटो छरितो र जनतालाई देखाउने काम गरिहाल्ने प्रभावकारी नियमकारी व्यवस्था छैन । निश्चित अवधिभित्र गर्ने बाध्यकारी अवस्था नभएकाले समितिका कारबाही प्रभावकारी ढङ्गले भएको देखिन्न । तथापि, सांसदले उठाएका विषय कही लागू नै हुँदैनन् भन्न पनि सधैँ मिल्दैन । मैले उठाएका धेरै भएको कुरा लागू भएका छन् । तर कति समयपछि कसरी लागू हुने भन्ने विषय भने अन्यौल छ । त्यसका लागि कार्यान्वयन गर्ने कार्यविधि आवश्यक छ । समितिका निर्देशन अन्तरमन्त्रालयबीचको झन्झटिलो प्रक्रियाले पनि प्रभावित तुल्याएको छ ।

उता सरकारका गतिविधिलाई चुस्त बनाउन सम्पूर्ण मन्त्रिमण्डल सक्रिय र प्रभावकारी हुनुछ । प्रधानमन्त्रीलाई गाली गरेर मात्र समस्या सम्बोधन हुन्न । मन्त्रीलाई सरापेर मात्र पनि केही हुन्न । त्यसका लागि सम्पूर्ण संसद् पनि जिम्मेवार हुनुपर्छ । कर्मचारी संयन्त्र स्थायी सरकार भएकाले देश र जनतालाई ख्याल गरेर कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्छ । मन्त्रिमण्डका सदस्य पनि जनताप्रति बफादार रही केही गरौँ भन्ने सोच बोकेको हुनुपर्छ । अनि सरकार र कर्मचारीतन्त्रबीच तरतम्य मिल्नपर्छ । प्रधानमन्त्री जस्तोसुकै दूरदर्शी आए पनि मन्त्रिमण्डल र कर्मचारीतन्त्रले निर्देशनको परिपालना भएन भने स्वभाविकरुपमा समयमा असल नतिजा दिन सकिँदैन । भनिन्छ, "सचिव सफल भनेको मन्त्री सफल, मन्त्री सफल भनेको प्रधानमन्त्री र देश सफल हुनु हो ।"

नकारात्मक चिन्तन रुपान्तरणको खाँचो

देशमा विश्वासको वातावरण अहिले गुमेको अवस्था छ । समाजमा सबै बिग्रियो केही हुनेवाला छैन भन्नेजस्तो सोच र भाष्य निर्माण भएको छ । मानिसमा देखिएको त्यो नकारात्मक चिन्तनलाई सकारात्मकतर्फ रुपान्तरण गर्न आवश्यक छ । संसारका जुनसुकै मुलुकको इतिहास अध्ययनमा जब देशमा सङ्कट आउँछ, जुनसुकै मूल्य चुकाएर भए पनि जनता जागृत भई निकास दिएका थुप्रै उदाहरण छन् । देश अप्ठेरामा परेका बेला विदेश पलायन हुने र भाग्ने सोच गलत छ । देश कमजोर भएमा त्यसलाई निकास दिन सम्पूर्ण जनता एक ढिक्का भएर सरकारलाई सहयोग गर्नुपर्छ भन्ने मेरो मान्यता छ । अहिले विश्वासको वातावरण तथा देश र जनताप्रतिको उत्तरदायित्वबोधसँगै जनतामा पनि देशलाई आफैँ पनि अघि बढाउनुपर्छ भन्ने सोचबीच मतैक्यता भएमा देश अघि बढ्न सक्छ । सांसदको कानुन बनाउने मात्र जिम्मेवारी होइन त्यो कुरालाई सबैले बुझ्न जरुरी छ । त्यो लागू गर्ने हो भने निर्वाचन मापदण्ड परिवर्तन गर्नुपर्छ किनभने, उम्मेदवार जनताबीचमा जाँदा लगिने घोषणापत्रमा कानुन मात्रै बनाउने भन्ने विषय उल्लेख हुँदैन, बरु विकास, रोजगारी, स्वास्थ्य, सडकका विषय उठाइएको हुन्छ ।

> **मन्त्रीले चाहने हो भने जे पनि गर्न सक्छ भन्ने जनमानसमा सोच छ, त्यो सोच अहिलेको परिप्रेक्षमा भ्रम मात्र हो**

सोही प्रतिबद्धताका आधारमा चुनाव जितेर 'माननीय' सिंहदरबार प्रवेश गर्छन् । यतिधेरै सपना देखाएर आएपछि हामीले कानुन मात्रै बनाउँछौँ भन्न मिल्दैन । कानुन निर्माण प्राथमिकता भए पनि विकास र रोजगारीको जिम्मेवारी पनि सङ्घीय सांसदको काँधमा छ, जनताप्रति उत्तरदायी र जिम्मेवार हुनैपर्छ । त्यसकारण तीन तहका संरचना र सरकारले के गर्ने र के अधिकार हुने भन्ने विषयमा छिटो मापदण्ड बनाएर समन्वय र सहकार्यका साथ अघि बढ्नुपर्ने आजको आवश्यकता छ ।

बर्दियासहित भारतसँग सिमाना जोडिएका जिल्लाका सीमा क्षेत्रका जनता तरकारी र फलफूलमा आत्मनिर्भर हुन नसकेपछि दैनिक लाखौँ रुपैयाँ भारतीय बजारमा गएर खर्च गर्ने प्रवृत्ति छ । कम्तीमा पनि हामी सागसब्जी, माछा, दाल, मासु, अण्डा र दूधमा आत्मनिर्भर हुनुपर्छ । अहिलेको सन्दर्भमा देशमा धेरै ठूला उद्योग कलकारखाना खोलेर औद्योगीकरण गर्ने नभई साना उद्योग र कृषिलगायतका साना काममार्फत अघि बढिएको खण्डमा देखिएका समस्या केही हदसम्म समाधान हुन्छ भन्ने लाग्छ । वैदेशिक रोजगारमा गएका युवालाई रोक्ने वातावरण सिर्जना गर्न यस्ता अभियानले केही हदसम्म सहयोग पुऱ्याउँछ र राज्यप्रति जनताको विश्वास बढ्छ । अर्कोतर्फ सुशासनको पाटोमा सेवाप्रवाहलाई सुलभ, छिटो छरितो र मर्यादित तुल्याउन आवश्यक छ । सेवा प्रवाहमा यस्तो भएमा जनतामा तुरुन्तै विश्वास जाग्छ र सकारात्मक सन्देश प्रवाह हुन्छ । उता, विगतका तुलनामा समाज खुला र पारदर्शी हुँदै गएकाले भ्रष्टाचार धेरै सार्वजनिक भएका हुन् । भ्रष्टाचार न्यूनीकरण गर्न यसमा संलग्न जो कोहीलाई पनि राज्यले नयाँ नियम ल्याएर भए पनि दीर्घकालसम्म छाड्दैन भन्ने सन्देश दिनुपर्छ । जनतालाई ठूला-ठूला प्रतिबद्धता र आवश्वासन दिए पनि राजनीतिकर्मी र कर्मचारीतन्त्रमा देखिएको गलत प्रवृत्तिले नै युवा र विद्यार्थीलाई विदेश पलायनका लागि कुनै न कुनैरुपले मलजल गरेको गरिरहेको छ । पढाइअनुसारको रोजगारी नपाउँदा पनि युवा देश छोड्न बाध्य भएका हुन् भन्ने लाग्छ । जनता स्वयम् सचेत भई राज्यप्रति बफादार र इमान्दार हुनुपर्छ । सञ्चारमाध्यमले पनि निराशा होइन, उत्साह र उत्प्रेरणा प्रवर्द्धन गर्ने सूचना र सन्देश प्रवाह गर्नुपर्छ, जसले युवा विद्यार्थीलाई स्वदेशमै शान्तिसँग बस्न र रमाउन बल पुऱ्याउँछ ।

**सांसद खानको परिचय**

जनमत पार्टीका नेता खान बर्दिया गुलरिया-११ का स्थायी बासिन्दा हुन् । विसं २०५६ देखि राजनीतिमा प्रवेश गर्नुभएका खानसँग स्वतन्त्र मधेस गठबन्धनको प्रवक्ता र पार्टीको प्रथम उपाध्यक्ष भई काम गरेको अनुभव छ । सांसद खान हाल पार्टी उपनेता र प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समिति सभापतिको जिम्मेवारीमा छन् । यसअघि उहाँले केही समय खानेपानीमन्त्रीको समेत जिम्मेवारी सम्हाले ।

*(खानसँग राससका नारायण न्यौपानेले गरेको कुराकानीको सम्पादित अंश)*

# विश्व तापमान र पग्लिँदा हिमाल



**गणेश जोशी**

मानवीय गतिविधिका कारण विश्वभरि तापक्रम बढ्दै गएको र जलवायु परिवर्तनका कारण अति गर्मी, अनावृष्टि, अतिवृष्टि, सुक्खा र चक्रवातजस्ता घटना विश्वभरि नै देखिन थालेका छन् । विश्वको औसत तापक्रम वृद्धिभन्दा विभिन्न मौसम (सिजन) मा हुने तापक्रमको वृद्धि ुत गतिमा रहेको छ । यो प्रवृत्तिको निरन्तरता रहने सम्भावना ज्यादै छ । यसको असर नेपाल जस्ता हिमाली र पर्वतीय मुलुकमा अझ बढी र छिटो देखापरेका छन् । यस्ता मुलुकहरुले अप्रत्यासित रुपमा आउने विपद्को सामना गर्नु परेको छ । जलवायु परिवर्तनका कारण विभिन्न आर्थिक र सामजिक क्षेत्रहरुमा समेत यसको प्रभाव अझ गम्भिर रुपमा देखिन थालेको छ । जलवायु परिवर्तनको असरले मुख्यगरी वन तथा जैविक विविधता, जलस्रोत र ऊर्जा, कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य र भौतिक पूर्वाधारजस्ता क्षेत्रमा प्रभाव पारेको देखिन्छ ।

कुल हरितगृह ग्याँस उत्सर्जनमा नेपालको ०.०२७ प्रतिशत मात्र हिस्सा रहेता पनि जलवायु परिवर्तनबाट भने सबैभन्दा धेरै असर खप्नुपरेको छ । नेपालमा वार्षिक अधिकतम तापक्रमको वृद्धिदर औसतमा ०.०५६ डिग्री रहेको छ भने यो वृद्धि तराईभन्दा हिमाली क्षेत्रमा बढी देखिएको छ । साथै वर्षायाम र सुक्खायामबीचको विषमतालाई झनै बढाइ दिएको छ ।

तापक्रम वृद्धिले औसत वर्षाको परिमाण मध्यम कालमा २ देखि ६ प्रतिशत अनि दीर्घकालमा ८ देखि १२ प्रतिशतले बढ्ने अध्ययनले देखाएको छ । विश्वको तापक्रमलाई १.५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको करिव एकतिहाइ हिउँ पग्लिने अध्ययनले देखाएको छ । त्यस्तै करिब ४७ वटा हिमताल विस्फोटको जोखिममा परिसकेको देखिन्छ । सन् २०१५ मा पेरिस सम्झौतामा खास गरी सन् २०५० सम्म हरितगृह ग्यास उत्सर्जन शून्यमा पुऱ्याउने प्रतिबद्धताका साथै विश्वको औसत तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित गर्ने तथा २.० डिग्री सेल्सियस भन्दा बढ्न नदिने सहमति भएको थियो । विभिन्न १९२ राष्ट्रहरुले गरेको राष्ट्रिय योगदान प्रतिवद्धता लाई दृष्टिगत गर्ने हो भने सन् २०१० को तुलनामा सन २०३० मा करीव १६ प्रतिशतले हरितगृह ग्यास उत्सर्जनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

क्षएऋऋ का अनुसार यस्तो हरितगृह ग्यास उत्सर्जनमा हुने वृद्धिले यस शताब्दीको अन्त सम्ममा २.७० सेल्सियसले विश्व तापमान वृद्धि हुनेछ । विश्व तापमानलाई २० भन्दा तल (यथार्थमा १.५०) कायम गर्न धेरै ठूलो मेहनत गर्नु पर्ने कुरा औंल्याएको छ । जस अनुसार १.५० वृद्धि कायम गर्न सन् २०३० सम्म ४५ प्रतिशत उत्सर्जन घटाउने र २० कायम गर्न सन् २०३० सम्म २५प्रतिशत उत्सर्जन घटाउनु पर्ने हुन आउँछ । गरिएका प्रतिवद्धता अनुसार हालको उत्सर्जन कटौती निकै न्यून हुंदै गैरहेको अवस्थामा छोटो अवधिमा नै सन् २०३० मा प्रस्तावित कटौती सम्भव देखिंदैन । तापक्रमको वृद्धि अधिक भै साना तथा पर्वतिय मुलुकहरु नै बढी जोखिममा पर्ने निश्चितप्राय: छ ।

केहीअघि मात्र गरिएको एक वैज्ञानिक अध्ययनले सगरमाथामा २ हजार वर्षमा बनेको हिउँ जलवायु परिवर्तनका कारण ३० वर्षमै पग्लिएको देखाएको छ । हिउँ पग्लिने क्रम सन् १९९० को दशक पश्चात बढेको नेचर जर्नलको 'क्लाइमेट एन्ड एट्मोस्फेयरिक साइन्स' ले उल्लेख गरेको छ । हिमालय क्षेत्र विश्वका करिब एक अर्ब मानिसको खाने पानीको स्रोत हो। उच्च भागमा ुत गतिमा हिउँ पग्लिँदा खानेपानी र सिँचाइका लागि पानीको उपलब्धतामा समस्या आउन सक्ने र हिउँको मात्रा घट्दा पर्वतारोहणमै पनि चुनौती थपिन सक्ने देखिन्छ । हालको कार्बन उत्सर्जनको अवस्थामा सुधार नभए अर्थात नघटाइए हिमालय क्षेत्रबाट करीब दुईतिहाइ हिउँ नै पग्लिएर जानेछ । विश्वको कार्बन उत्सर्जनमा थोरै मात्र हिस्सा ओगट्ने नेपाल जलवायु परिवर्तनबाट आफ्नो अस्तित्व बचाउने मारमा पर्नेछ । यसवाट मनसुनी वर्षामा आधारित हाम्रो कृषि उत्पादन प्रणाली अतिवृष्टि र अनावृष्टिका कारण प्रभावित भै खाद्य असुरक्षा झन् बढ्ने छ । नेपाललाई विश्वमा चिनाउने हिमालय क्षेत्रवाट हिउँ पग्लिएर पत्थर मात्र देखा पर्नाले देशको अर्थतन्त्रमा योगदान दिने र जीविकोपार्जनको साधन रहेको पर्यटन क्षेत्र समेत धरासायी हुनेछ । यो सँगै ऊर्जा विकास र जलस्रोत व्यवस्थापनमा समेत ठूलो चुनौती थपिनेछ । जलवायु परिवर्तनको मारमा परेका नेपाल जस्ता देशहरुलाई विभिन्न नाउँमा वित्तको रुपमा सहयोग गर्न विभिन्न ठूला तथा औद्योगिक राष्ट्रहरुले प्रतिवद्धता समेत जनाएका थिए । विकसित राष्ट्रहरुले अनुकूलन र न्यूनिकरणका लागि प्रत्येक बर्ष १०० बिलियन डलर उपलब्ध गराउने प्रतिबध्दता गरेको भए पनि यो पूरा हुन सकेको छैन । अक्सफामको २०२० को प्रतिवेदन अनुसार विकासशील देशहरुलाई सन् २०१७ र २०१८ मा सरदर ५० बिलियन डलर उपलब्ध भएता पनि करिब ४७ बिलियन अर्थात् ८०प्रतिशत अनुदानको रुपमा नभई ऋणको रुपमा उपलब्ध गराएको पाइएको छ । प्रतिवद्धता जनाए अनुरुप वित्त प्राप्त नहुने, पाई हाले पनि घुमाउरो पारामा अनेक शर्त थोपर्ने, अल्मल्याउन बिभिन्न बहाना खोज्ने, नयाँ नयाँ संयन्त्र र प्रकृया एवं सहजै बुझ्न नसकिने बिधिहरु प्रयोगमा ल्याउने गरिएका कारण क्षमता कम भएका देशहरुले यस्तो वित्तको प्राप्तिमा कठिनाई भोग्दै आएका छन् । यस्तो वित्त प्राप्त गर्नु अधिकारको कुरा भएता पनि हामीहरुले तथ्यमा आधारित अध्ययन विश्लेषण नगर्दा एवं जोडदार रुपमा यस्तो मुद्दालाई उठाउन नसक्दा प्रतिवद्धता जनाउने देशहरुको निगाहमा केही प्राप्त गरे जस्तो मात्र देखिन्छ ।

> **विश्वको तापक्रमलाई १.५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको करिब एकतिहाइ हिउँ पग्लिने अध्ययनले देखाएको छ**

यस सन्दर्भमा नेपाल जस्ता अल्प विकसित राष्ट्रहरुले के कति प्राप्त गर्न सके र त्यसको उपयोग कसरी भयो त ? हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरले समग्र हिमाली अर्थतन्त्र र सो क्षेत्रको पारिस्थितिकीय प्रणालीका साथै तल्लो-तटीय क्षेत्रका पारिस्थितिकीय प्रणालीमा के कस्तो प्रभाव परेको छ त ? नापाले नेपाललाई प्राप्त हुने जलवायु वित्तको कम्तिमा ८० प्रतिशत कार्यक्रम कार्यान्वयन हुने तहमा खर्च गर्नु पर्ने भनेको छ, के यो हुन सक्यो त ? प्राप्त रकम मध्ये आदिवासी जनजाती, जोखिममा परेका समुदाय, तथा क्षेत्रहरुमा के कति रकम के कस्ता कार्यक्रम मार्फत पुग्यो त ? कि अझै पनि टाठा बाठा र राजनीतिक र सामाजिक पहुचवालाले मात्र यस्तो लाभ लिइरहेका छन् ?

अर्को कुरा नेपालले अनुकूलन र न्यूनिकरणका लागि के कस्ता क्षेत्रगत प्रविधि प्राप्त गर्न र क्षमता विकास भएको छ त ? यो प्राविधिक मात्र नभई राजनीतिक र कुटनीतिक विषय पनि भएकोले अध्ययन र विश्लेषणका आधारमा नेपालले अन्तरराष्ट्रिय मञ्चहरुमा वित्तको उपलब्धता, क्षमता विकास, प्रविधि प्राप्ति र क्षतिपूर्तिका मुद्दाहरु सशक्त उठाउन सक्यो त ? जस्ता खोजका विषयहरु रहेका छन् । नेपालका राजनीतिक दलहरुको प्राथमिकतामा यस्तो संवेदनशील विषय समावेश भएको भएता पनि पर्याप्त बहस र विश्लेषण नगरिएको र त्यसमा गम्भीरता समेत देखिँदैन। साथै नेपालको अस्तित्वसँग जोडिएको हिमाली र पर्वतीय मुद्दा अन्तर्राष्ट्रिय मञ्चहरूमा जोडदार रुपमा उठ्न सकिरहेको छैन । साथै हामीले जलस्रोत उर्जालाई सफा र हरित उर्जाको रुपमा दिगो विकासका निम्ति रणनीतिक उपयोगमा ल्याउन समेत सकेका छैनौं । भारतसँग हालै नेपालले मन्जुर गरेको उर्जा विकास बारेको द्विपक्षिय दूरदृष्टिले नेपालको जलस्रोत उर्जा कतै भारतको हरितगृह ग्यास उत्सर्जनको लागि प्रमुख हतियार हुँदै त छैन भन्ने शंका उत्पन्न भएको छ ।

नेपाल र यहाँको पर्वतीय क्षेत्रमा बस्ने मानिसको जीवनमा परिवर्तन ल्याउने गरी अध्ययन अनुसन्धान, प्रविधिको विकास एवं अन्तरार्ष्टिट्रय रुपमा प्रतिबध्दता जनाए अनुरुप जलवायु वित्तसमेत प्राप्त हुन सकिरहेको छैन । समु तटीय क्षेत्रको मुद्दा जस्तै हिमाली क्षेत्रको मुद्दालाई पनि नेपालजस्ता देशले अन्तर्राष्ट्रिय मञ्चहरुमा उठाउन सकेको छैन ।

हुन त पर्वतीय राष्ट्रहरुको गठबन्धन (माउण्टेन एलायन्स इनिसियटिभ) का लागि पनि सन् २०१० तिरै नेपालले सुरुवातको जमर्को गरेको भएता पनि विभिन्न कारणले गर्दा ठोस रुपमा यो अगाडि बढेको छैन । जलवायु परिवर्तनलाई रोक्न नसकिएता पनि यसबाट उत्पन्न हुने जोखिमहरुलाई न्यूनीकरण भने गर्न सकिन्छ । यसको सहन र वहन क्षमतामा वृद्धि गरी अनुकूलित हुँदै समानुकुलित अवस्थामा पुग्नु आजको आवश्यकता हो । हाम्रो देश जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत, जैविक विविधता, तथा सांस्कृतिक विविधतामा समेत धनी छ । उपलब्ध स्रोत र साधनको महत्तम प्रयोग गर्न सके अनुकूलन क्षमतामा वृद्धि गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

आइपीसीसीले जलवायु परिवर्तनका क्षेत्रमा खतराको घण्टी बजेको सन्देश दिई सकेको अवस्था र यसबाट बढि प्रभावित हुने मुलुकका कारण नेपालले आफ्नो अस्तित्व बचाउन वैज्ञानिक अध्ययन, अनुसन्धान, राजनितिक एवं कुटनीतिक प्रयास, आर्थिक स्रोतको सही उपयोगका साथै विभिन्न मञ्च र संयन्त्रमा पैरवी गर्दै जानु जरुरी छ ।

*(इकागज डटकमबाट साभार)*


**खानेपानी: ५७८००९**

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
98028-15296
98028-15293

**के तपाईंको Printer मा कुनै समस्या छ ?**
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
**गण्डकी कम्प्युटर्स** ... the printer house
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५
९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८

**वर्गीकृत विज्ञापन डिस्प्ले**

**आवश्यकता**
पद : सिनियर एकाउन्टेन
संख्या : २ जना
तलब : मासिक रु. २२ हजार +सुविधा
योग्यता : स्नातक पास
अनुभव : सम्बन्धित काममा २ वर्ष
सुविधा : संस्थाको नियमानुसार
संस्था : अडिट फर्म, OKM पोखरा
करार अवधि : ३ वर्ष
सम्पर्क: ९८५६०१४२००

**तु-बिक्रीमा**
अत्यन्तै चालु अवस्थामा रहेको **खाजा घर रेष्टुरेन्ट** तु-बिक्रीमा ।
*दिनमा १५ हजार भन्दा माथि व्यापार हुने*
सम्पर्क: ९८२९१०१६०५

**आवश्यकता**
**कुक- नेपाली खाजा र खाना बनाउन जान्ने**
*नान बनाउन जानेकोलाई विशेष प्राथमिकता दिइने छ ।*
तलब: आपसी समझदारीमा
स्थान: सृष्टी खाजा घर
पोखरा-३१, नहरचोक
सम्पर्क नं.: ९८२३००७३७७, ९८१९१५७७०५

**WANTED**
Receptionist – Male / Female
PRO – Male / Female
Good Speaking English
Royal & Partners Services Pvt.Ltd.
(रोयल एण्ड पार्टनर सर्भिसेस प्रा.लि.)
Head Office:
Samakhusi, Kathmandu
Pokhara, Branch
Sabhagriha Chowk-8
Contact No.: 061-570042 / 9805858201

**तु-आवश्यकता**
१. कार्यालय सहयोगी -१ जना
२. बगैचा माली - १ जना
३. स्कुल आया - १ जना (महिला)
*( खाना, खाजा र अन्य सुविधा सहित....)*
तलब:- आकर्षक
सम्पर्क:
कास्की मोडनाइज्ड एकेडेमी
वि.पि.मार्ग चाउथे -१४
०६१-५८९००७, ५८९००९
९८५६०८१२९९

**आवश्यकता**
सरकारी कार्यालयको क्यान्टिन खाजा घरको लागि केही महिला कामदार चाहियो ।
संख्या : २ जना
खान, बस्नको सुविधा
तलब: १० हजारसम्म
सम्पर्क:
९८१९१५०२८०
९८०४१३२६५४

# नेपालमा सवा लाख भारतीय भूपू गोर्खा सैनिक

**समाधान संवाददाता**
पोखरा, ६ माघ

भारतीय सेनाका गोर्खा ब्रिगेड प्रेसिडेन्ट लेफ्टिनेट जर्नेल अजयकुमार सिंहले गोर्खा सैनिकहरुको भूमिका प्राचीनकालदेखि नै असाधारण साहस, अनुशासन, निष्ठावान सेवाका लागि प्रख्यात रहेको बताएका छन् । भारतीय पेन्सन क्याम्प पोखरामा बिहीबार आयोजित समारोहमा सिंहले भारतीय गोर्खा सैनिकले भारतमा आइपरेको विभिन्न लडाइँमा मात्र नभएर भारत राष्ट्र सामु आइपरेको हरेक विपतमा अहम् भूमिका निभाएको बताए ।

गोर्खा ब्रिगेड प्रेसिडेन्ट सिंहले वीरताका साथ आफ्नो कर्तव्य पूरा गर्ने क्रममा आफ्नो बलिदान दिने वीर सम्पूर्ण शहीदहरूप्रति भारतीय सेनाको तर्फबाट हार्दिक श्रद्धासुमन अर्पणसमेत गरेका थिए । गण्डकी क्षेत्रमा रहेका भूपू सैनिक र उनीहरूको परिवार सहितको करिब ३ हजार ५ सयभन्दा बढीको उपस्थिति रहेको सो समारोहमा बोल्दै



सिंहले नेपाल र भारतबिचको सम्बन्ध वास्तवमा विश्वमा नै एउटा असल मित्रताको उदाहरण रहेको बताए ।

उनले भारतमा हाल २२ हजार गोर्खा सैनिक गोर्खा पल्टनमा सेवा गरिरहेको र नेपालमा १ लाख २२ हजार गोर्खाली भूपू अनि उनीहरुको परीवारले पेन्सन लिइरहेको जानकारी दिँदै बैंकबाट सहज र सरल तरिकाले पेन्सन लिन बैंकहरुसँग बेला बेलामा छलफल निर्देशन दिइएको पनि बताए ।

जर्नेल सिंहले भूपू गोर्खा सैनिकलाई आश्वस्त पार्दै भने, 'तपाईंहरूले पल्टने जागिर पूरा गरी घर आउनु भएको छ, भारत सरकार अनि भारतीय सेनाको पालो तपाईंहरुको हेरविचार गर्ने, अनि तपाईंहरुको सुख-दुखमा साथ दिने हो जसका लागि भारतीय सेना कहिले पनि पछाडि हट्ने छैन, किन कि तपाईंहरुको योगदान अमूल्य छ ।'

सिंहले भने अहिले नेपाल विकासको बाटोमा अगाडि बढदै छ, जुन कुरा धेरै राम्रो कुरा हो, नेपालको विकासमा भूपूहरुले पनि राम्रो भूमिका निर्वाह गरेको सुन्दा र देख्दा धेरै नै खुशी लागेको छ, पल्टनमा सिकेको सिप अनि तपाईंसँग भएको अन्य सिप देश बिकासमा लगाउनुस् ।' समारोहमा उपस्थित भूपू सैनिक र उनका परिवारका लागि बृहत् निशुल्क स्वास्थ्य जाँच पनि गरिएको जनसम्पर्क अधिकृत भारतभूषण पाण्डेले बताए ।

## महाकालेश्वर टोलमा हेमराज

पोखरा, ६ माघ (समाधान)- पोखरा महानगरपालिका वडा नं ११ फूलबारी स्थित महाकालेश्वर टोल विकास संस्थाको शनिबार भएको नवौं साधारणसभा तथा अधिवेशनले हेमराज चालिसेको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चुनेको छ । नवगठित समितिको उपाध्यक्षमा सीता पोखरेल, सचिव भक्त शेरचन, कोषाध्यक्ष रवीन्द्रनाथ बस्तोला (हरि) छन् । समितिका सदस्यमा महेश्वर बास्तोला, मेनकुमारी पुन, सोमनाथ आचार्य, लक्ष्मी घिमिरे र शिवराज पौडेल निर्वाचित भए ।

साधारणसभाले कोषाध्यक्ष रवीन्द्रनाथ बास्तोला (हरि)ले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र सचिव भक्त शेरचनले पेश गरेको वार्षिक प्रतिवेदन पारित गरेको थियो । कार्यक्रममा पोखरा ११ का अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले टोलको विकासमा वडाले सहयोग गर्ने बताए ।

टोलका अध्यक्ष चन्द्रकान्त रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा कालिका क्याम्पसका पूर्व क्याम्पस प्रमुख रवीन्द्रनाथ बास्तोला, सल्लाहकार अविनाश आचार्य, हेमराज चालिसे, फणीन्द्र लामिछाने, तेजनारायण सुवेदी, लक्ष्मी गुरूङ, महेश्वर बस्तोला, शिवराज पौडेल, सचिव भक्त शेरचन र उपाध्यक्ष निर्मला सुवेदीले बोलेका थिए ।

## दशनामी युवालाई सचेतना

**समाधान संवाददाता**
पोखरा, ६ माघ

नेपाल दशनामी युवा समिति गण्डकी प्रदेशको आयोजना तथा जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा सचेतना कार्यक्रम गरिएको छ । शुक्रबार समितिले पोखरा २१ निर्मलपोखरीमा अवस्थित जनचेतन माविका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई हिंसा, जातीय विभेद तथा साइबर अपराधबारे सचेतना दिएको हो ।

कार्यक्रममा समाजमा बढिरहेका हिंसाका घटना, जातीय विभेदका घटना तथा साइबर अवराधका विषयमा प्रशिक्षण दिइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी नायब निरीक्षक होतबहादुर रोकाले पछिल्लो समय प्राय सबैको हातमा मोबाइल र सामाजिक सञ्जाल प्रयोगकर्ता खअध्याधिक भएकाले साइबर अपराध दिनानुदिन बढ्दै गएको बताए । उनले यस्ता अपराधबाट सतर्क रहने उपाय र कानुनी उपचारका विषयमा समेत प्रकाश पारे ।

नेपाल दशनामी समाजका केन्द्रीय सचिव जगतमोहन गिरीले सामाजिक सञ्जालको प्रयोग बढे पनि यसबाट हुने दुर्घटनाबाट बच्न सबै सचेत हुन आवश्यक रहेको बताए । नेपाल दशनामी युवा समिति गण्डकी अध्यक्ष सूर्य गिरीको अध्यक्षतामा कार्यक्रम भएको हो ।


## कर्मचारी आवश्यकता

यस **आदर्श युवा क्लब,** पोखरा महानगरपालिका वडा नं. २९, भण्डारढिकमा रहेको कार्यालयको लागि देहाय बमोजिमको पदमा **कर्मचारी आवश्यकता** भएको हुँदा योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आदर्श युवा क्लबको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **पद** : **कार्यालय सहायक**
२. **संख्या** : १ (पुरुष)
३. **शैक्षिक योग्यता** : एस.ई.ई. उत्तीर्ण
४. **उमेर** : १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको
५. **नागरिकता** : नेपाली
६. **तलब** : आपसी समझदारीमा
७. **परीक्षाको किसिम** : मौखिक अन्तर्वार्ता
८. दुई पाङ्ग्रे सवारी चलाक अनुमति पत्र अनिवार्य,
९. कम्प्यूटरमा दक्ष हुनुपर्ने छ ।
१०. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइने छ,
११. आवेदकले हस्तलिखित निवेदन, हालसालै खिचेको फोटो, बायोडाटा, शैक्षिक योग्यताको प्रमाण पत्र, अनुभवको प्रमाण पत्र, नागरिकताको प्रतिलिपि पेश गर्नुपर्ने छ,

***आवेदकले २०८० माघ १२ गतेसम्म कार्यालय समय भित्र क्लबको कार्यालयमा स्वयंम उपस्थित भइ स्वलिखित निवेदन पेश गर्नुपर्नेछ ।***

**आदर्श युवा क्लब**
पोखरा-२९, भण्डारढिक, कास्की
**फोन नं.: ०६१-५६०४६५, ९८१६१-०६५०४**


## १५३ औं साधना प्रभात

पोखरा, ६ माघ (समाधान)- गीताञ्जली साहित्य परिवार पोखराले १ सय ५३ औं साधना प्रभात एवम नियमित रचना वाचन शनिबार आयोजना गऱ्यो ।

छविलाल आचार्य, अल्पविराम पोखरेली, लक्ष्मण थापा, धर्मराज पौडेल "अल्पायु", लक्ष्मण आचार्य, तुलसीराम सुवेदी, नारायण बराल, ऋषिराम आचार्य, विष्णुमाया पराजुली, नगेन्द्र रानाभाट, ईश्वरी चापागाई, शिशिर ज्ञवाली, हरिचन्द्र आचार्य, शिवप्रसाद गौतम, भानुभक्त भण्डारी, इरिवा खतिवडा, अमिशा ज्ञावली लगायतले रचनावाचन गरेका थिए ।

संस्थाका अध्यक्ष भानुभक्त भण्डारी क्षितिजको अध्यक्षतामा भएको कार्यक्रममा सचिव नरेन्द्र रानाभाट, समीक्षक मदन भण्डारी लगायतले बोलेका थिए ।

## उपकार सहकारीले गऱ्यो सरसफाइ



**समाधान संवाददाता**
पोखरा, ६ माघ

पोखरा महानगर पालिका वडा नम्बर ६, बैदाम नारेश्वरमा अवस्थित उपकार बचत तथा ऋण सहकारी संस्थाले आफ्नो स्थापना दिवस वडास्तरीय सरसफाइ गरी मनाएको छ । सहकारीले शनिबार १५ औं स्थापना दिवसको अवसर पारेर सामाजिक उत्तरदायित्व अन्तर्गत 'हाम्रो पोखरा सफा बैदाम' भन्ने मूलनारालाई सार्थक बनाउन कार्यक्रम आयोजना गरेको हो ।

पोखरा महानगर पालिका वडा नम्बर ६ बैदाममा रहेका १७ वटा आमा समूहहरुको सहभागितामा बैदाम क्षेत्रको सत्रौं स्थानबाट एकसाथ सुरु गरी सरसफाइ अभियान थालिएको थियो । अभियानमा ८० बोरा नकुहिने प्लास्टिक जन्य फोहोर संकलन गरिएको संस्थाका सचिव सुन्दरराज पहारीले जानकारी गराएका थिए ।

कार्यक्रममा सहकारीका सदस्यहरु सहित आमा समूहहरु गरी करिब १ सय ५० जनाको बृहत सहभागितामा फोहर संकलन गरिको थियो । पोखरा महानगर पालिका फोहोर व्यवस्थापन समितिसँग समन्वय गरी व्यवस्थापन गरिएको लेखा समितिका सदस्य हेडम्बराज अधिकारीले जानकारी दिए ।

सफाई अभियानको उद्घाटन गर्दै पोखरा महानगर पालिका वडा नम्बर ६ का अध्यक्ष विष्णुबहादुर भट्टराईले बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकाले यस क्षेत्रको सरसफाईमा सबै संघसंस्था लाग्नुपर्नेमा जोड दिए । संस्थाका अध्यक्ष सूर्यनाथ पहारीले सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थाले विभिन्न सामाजिक कार्य गर्दै आएको बताए ।

## त्रिवेणी टोलमा नयाँ नेतृत्व

लेखनाथ, ६ माघ (समाधान)- पोखरा महानगरपालिका वडा नम्बर २६ र २७ का स्थानियवासीको साझा संस्था त्रिवेणी टोल विकास संस्थाको चौथो साधारण सभा तथा दोस्रो अधिवेशनले आगामी कार्यकालका लागि कृष्णप्रसाद घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

सर्वसम्मत रुपमा चयन भएको समितिको उपाध्यक्षमा दुर्गा पोखरेल, सचिवमा वीरेन्द्र बराल, कोषाध्यक्षमा टीकाराज न्यौपाने, सहसचिवमा केशवराज लामिछाने र सदस्यहरुमा हरिप्रसाद बराल, ललिता सुनार, मिठु भण्डारी, हेमराज ढुंगाना छन् ।

संस्थाका अध्यक्ष मेजर भीमप्रसाद लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा सचिव वसन्त भण्डारीले संस्थाको प्रगति विवरण र भावी योजनाका बारेमा जानकारी गराएका थिए ।

## गण्डकीका ३४...

कोषले पेन्सन योजनाका अलावा वार्षिक १ लाखसम्मको औषधोपचार सुविधा दिन्छ । २ वर्ष योगदान गरेकालाई घातक रोग लागे १० लाखसम्म उपचार खर्चको शोधभर्ना हुन्छ । रोजगारीका सिलसिलामा दुर्घटनावस २० प्रतिशतभन्दा ज्यादा अपांगता भए पनि पेन्सन दिने सुविधा कोषमा छ । मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना जस्ता सुविधा कोषमा छन् ।

कोषमा आवद्ध हुन आधारभूत पारिश्रमिकबाट ३१ प्रतिशत रकम जम्मा गर्नुपर्छ । त्यो ३१ प्रतिशतमध्ये रोजगारदाता कम्पनीले २० र कर्मचारीको तलबबाट ११ प्रतिशत गरी ३१ प्रतिशत रकम जम्मा गर्नुपर्ने प्रावधान हो । खास रोजगार कम्पनीबाहेकमा जागिर नभएका दैनिक ज्याला, मजदुरी गर्ने लगायत अनौपचारिक क्षेत्रका मजदूर पनि कोषमा आवद्ध हुन मिल्ने व्यवस्था सरकारले गरिसकेको छ ।

कोषमा भएको योगदानबाटै श्रमिकले निश्चित अवधिपछि पेन्सन प्राप्त गर्न सक्छन् । जम्मा भएको रकम र कोषले गरेको लगानीबाट आर्जित प्रतिफलसमेत जोडेर हुन आउने रकमलाई १ सय ६० ले भाग गरेर आउने रकम जीवनभर मासिक पेन्सनका रुपमा उपलब्ध हुने व्यवस्था छ । पेन्सन लिन नचाहनेले जम्मा भएको रकम उपदानस्वरुप निकाल्न मिल्ने सुविधासमेत छ । सरकारी सेवाको कर्मचारी नभई निजी क्षेत्रको श्रमिक भए पनि कोषमा आवद्ध हुँदा पेन्सन पाउने सुविधा यसको मुख्य विशेषता हो । पेन्सनका लागि १५ वर्षसम्म कोषमा योगदान गर्नुपर्छ ।


**पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा. लि.**
रजिष्टर्ड कार्यालय, पोखरा, नेपाल

इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्ममिति
२०१०/०८/१०

स्वर्गारोहण:
२०८०/०९/२४

**स्व. लक्ष्मी सुन्दरी कर्माचार्य**

साविक पृथ्वी राजमार्ग बस संचालक समितिका भु.पु. अध्यक्ष
श्री चन्द्र कृष्ण कर्माचार्य ज्यूकी धर्मपत्नी
लक्ष्मी सुन्दरी कर्माचार्य ज्युको २०८० पौष २४ गतेका दिन ७० वर्षको उमेरमा हुन गएको असामयीक निधनको खबरले हामी अत्यन्त मर्माहत भएका छौं ।
स्वर्गारोहण भएको १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको बैकुण्ठबासको कामना एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

योगेन्द्र बहादुर के. सी.
अध्यक्ष

ज्ञानेन्द्र कुमार थापा
कार्यालय प्रमुख

एवं

**पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा. लि. परिवार**



**हार्दिक समवेदना**



जन्म
वि.सं. २०१०/०८/१०

स्वर्गारोहण
वि.सं. २०८०/०९/२४

**स्व. लक्ष्मी सुन्दरी कर्माचार्य**

**फिस्टेल डेरी प्रा.लि.**का पूर्व सञ्चालक **श्री माइकल कर्माचार्यकी** ममतामयी आमा **लक्ष्मी सुन्दरी कर्माचार्य**को ७१ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुरेश कुमार ध्वजु**
**अध्यक्ष तथा**
**फिस्टेल डेरी प्रा.लि. परिवार**
**पोखरा, कास्की**

## प्रदेश जिम्न्यास्टिक संघमा योगेन्द्र




पोखरा, ६ माघ (समाधान)- गण्डकी प्रदेश जिम्न्यास्टिक संघको शनिबार भएको भेलाले योगेन्द्र गुरुङको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ । समितिको उपाध्यक्ष राजु केसी, सचिव प्रकाशचन्द्र सापकोटा, कोषाध्यक्षमा राजु कायस्थ र सहकोषाध्यक्षमा वीनिता केसी छन् ।

समितिका सदस्यमा सुशीला श्रेष्ठ, निरज राम्जाली, अनिष श्रेष्ठ, प्रवेश पौडेल, कृष्णमोहन श्रेष्ठ, थमन थापा, विनोद गुरुङ र रविन्द्र तभ्र्या छन् । दुइ सदस्यपछि मनोनित हुने छन् ।

कार्यक्रममा नेपाल जिम्न्यास्टिक संघका केन्द्रीय अध्यक्ष तथा संघीय सांसद ध्रुवबहादुर प्रधानले जिम्न्यास्टिक सबै खेलको पनि खेल भएको बताउँदै सोचे अनुरुपमा अझै विकास गर्न नसकिएको प्रष्ट पारे । उनले यस प्रदेशको जिम्न्यास्टिकलाई उकास्नका लागि प्रदेश समितिलाई निरन्तरताका साथ लाग्न सुझाव दिए ।

गण्डकी प्रदेशका पूर्व खेलकुद मन्त्री प्रदेश सांसद राजीव गुरुङले सबैको साथ र सहयोगले जिम्न्यास्टिक खेललाई अगाडि बढाउन सुझाव दिए । प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशका सदस्य सचिव श्रीधर शर्माले यस प्रदेशको खेल क्षेत्र विकासका लागि प्रदेश खेलकुद परिषद योजनाका साथ अगाडि बढेको बताए ।

कास्की जिल्ला जिम्न्यास्टिक संघका अध्यक्ष सोमबहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल जिम्न्यास्टिक संघका केन्द्रीय सदस्य विनोद शेरचन, कास्कीका सल्लाहकार केशवशरण पौडेल र कास्की सचिव प्रकाशचन्द्र सापकोटाले बोलेका थिए ।

# १८ निवृत्त प्राध्यापक सम्मानित

समाधान संवाददाता
पोखरा, ६ माघ




शुक्रबार एकै थलोमा १८ ज्येष्ठ प्राध्यापक सम्मानित भएका छन् । निवृत्त प्राध्यापक समाज पोखराले संस्थामा आवद्ध ७५ वर्षमाथिका निवृत्त प्राध्यापकलाई शुक्रबार सम्मान गरेको हो ।

सम्मानित हुनेमा जोर्ज जोन, डा एलियामा जोन, प्राडा भूपति ढकाल कमल, प्राडा भवानीप्रसाद पाण्डे, प्राडा विजयराज शर्मा, डा गेहेन्द्रमान उदास, प्रा कृष्णप्रसाद अर्याल, गोविन्दप्रसाद जोशी, प्रेमबहादुर राई, पीताम्बर शर्मा, बालगोपाल अमात्य, उदयबहादुर अमात्य, पवित्रमणि पौडेल, टीकाराम कोइराला, उमाकान्त शर्मा, चतुर्भुज शर्मा पौडेल, दुर्गा बराल र ओमबहादुर कार्की छन् ।

सम्मानितमध्येका ज्येष्ठ प्राध्यापक जोर्ज जोनले समाजप्रति आभार व्यक्त गर्दै समयको कालक्रममा सहकार्य र सहयात्रा गरेका तीन पुस्तालाई एकै थलोमा भेट्न पाउनु गौरवको विषय भएको बताए । प्राडा भूपति ढकाल कमलले प्राध्यापकहरूमा अन्तरनिहित सीप, दक्षता र क्षमतालाई राज्यले सही तरिकाले प्रयोग गर्न नसकेको धारणा राखे । उनले प्राध्यापकहरू आफ्नो पदीय मर्यादा बिर्सेर दलीय दलदलमा फस्नु दुःखको कुरा भएको जनाए ।

डा. वासुदेव भण्डारीले प्राध्यापकको निवृत्त जीवनलाई थप क्रियाशील गराउन संस्थाले स्थापनाको छोटो समयमा गरेका गतिविधिबाट आफू निकै प्रभावित भएको सुनाए । गेहेन्द्रेश्वर कोइरालाले समाजले आफ्ना अभिभावकको योगदानको स्मरण गरेर स्तूत्य कार्य गरेको धारणा राखे ।

> निवृत्त प्राध्यापक समाज पोखराद्वारा संस्थामा आवद्ध ७५ वर्षमाथिका निवृत्त प्राध्यापक सम्मानित

उपाध्यक्ष प्राध्यापक पद्मशरण रेग्मीले राज्यलाई पुऱ्याएको योगदानको कदर र विभिन्न कालक्रमका सहयात्रीको पुनर्मिलनका रूपमा संस्थाको नीतिनुसार कार्यक्रम आयोजना गरिएको बताए । कोषाध्यक्ष चन्द्रकान्त रेग्मीले समाजलाई मजबुत बनाउँदै अगाडि बढाउने उद्देश्यले कोष स्थापनाका लागि जोर्ज जोनबाट १ लाख, बालगोपाल अमात्यबाट ५० हजार र पिताम्बर शर्मा नेपालीबाट २५ हजार रुपैयाँ र अन्यबाट संस्था सञ्चालनका लागि ५-१० हजार स्वेच्छिक सहयोग प्राप्त भएको जानकारी दिए । कृष्णप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सचिव प्राडा ज्ञानबहादुर कार्कीले पनि बोलेका थिए ।

## श्री १५ फलेपाटनलाई फुटबल उपाधि

समाधान संवाददाता
पोखरा, ६ माघ



पोखरा १५ वडा कार्यालयले आयोजना गरेको दोस्रो बृहत् खेलकुद महोत्सव शुक्रबार सकिएको छ । क्लब तथा टोल स्तरीय फुटबल खेलमा श्री १५ (फलेपाटन) ले गलेश्वर टोललाई ३-० ले पराजित गऱ्यो ।

गत वर्ष क्वाटर फाइनलमा गलेश्वरलाई पेनाल्टीमा हराएको श्री १५ ले यस वर्ष फाइनलमा गलेश्वर विरुद्ध ३-० को फराकिलो जित निकालेको हो । विजेता श्री १५ ले नगद ३० हजारका साथमा सिल्ड र प्रमाणपत्र हाते पारेको छ भने उपविजेता गलेश्वरले नगद २५ हजार, शिल्ड र प्रमाणपत्र पाएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिकाकी उपमेयर मंजुदेवी गुरुङले वडा नं -१५ ले आयोजना गरेको दोस्रो संस्करणको खेलकुद महोत्सव पूर्ण रूपमा सफल भएको बताइन् । खेलकुद युवाका लागि मात्र नभएर सबैका लागि आवश्यक रहेको औंल्याइन् ।

पोखरा १४ का वडाध्यक्ष बोधबहादुर कार्कीले वडाहरूबिच हातेमालो गर्दै अगाडि बढ्नुपर्ने उल्लेख गरे । वडा नं १५ ले आयोजना गरेको खेल महोत्सवको सिको गर्दै आफ्नो वडामा पनि यस किसिमका प्रतियोगिता सञ्चालन गर्ने उनले सुनाए ।

खेल महोत्सव संयोजक आशीष भण्डारीले यस वर्ष भएका कमीकमजोरीहबाट पाठ सिक्दै आगामी वर्ष अझ तयारीका साथ खेल महोत्सवलाई निरन्तरता दिइने उल्लेख गरे । पोखरा १५ का तोरण बानियाँले खेलकुद कार्यक्रमले वडावासीमा आपसी सद्भाव कायम राख्नुका साथै मित्रता बढेको जनाए । उनले गत वर्ष खेलकुद महोत्सवमा सहभागी टिमबाट छनोट गरेका खेलाडीले महानगरस्तरीय मेयर कपमा उपविजेता, महिला भलिबलमा तेस्रो र ब्याडमिन्टनमा पुरुषतर्फ दोस्रो र महिलातर्फ तेस्रो बनेको भन्दै यस किसिमका खेल आयोजनाले समग्र वडालाई बलियो टिमको रूपमा चिनाएको सुनाए ।

खेल महोत्सवमा टोल, क्लब तथा विद्यालय स्तरीय फुटबल, महिला-पुरूष भलिबल, फरक शारीरिक क्षमता भएका व्यक्तिहरू बिचको बास्केटबल, महिला पुरूष ब्याडमिन्टन, महिला पुरूष सडक दौड, आमा समूहहरूको रस्साकस्सी लगायतका प्रतियोगिता भएका थिए ।

## विश्वम्भराको चर्चा




पोखरा, ६ माघ (समाधान)- नेपाली लेखक संघ, कास्कीको आयोजनामा कवि भगवती बस्नेतको पछिल्लो कविता कृति विश्वम्भरामाथि चर्चा भएको छ । पुस्तकमाथि समीक्षक तारानाथ पराजुलीले परिचर्चा गरेका थिए ।

कविहरू शिव त्रिपाठी, शुभ शर्मा र निकेश गिरीले पुस्तकबाट एक एक थान कवितावाचन गरेका थिए भने साहित्यकार माधव वियोगी, नेपाली लेखक संघ गण्डकी अध्यक्ष डा. ईश्वरमणि अधिकारी, नेपाली लेखक संघ केन्द्रीय सचिव डा. गणेश शर्माले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा स्रष्टा भगवती बस्नेतले लेखकीय मन्तव्य र प्रमुख अतिथि प्राज्ञ सरुभक्तले नेपाली कविताको दिशा र भविष्यबारे विचार राखे ।

संस्थाका अध्यक्ष कवि रीता अधिकारी ऋतुको अध्यक्षतामा भएको कार्यक्रम संस्थाका सचिव प्राञ्जल र उपाध्यक्ष कमल पौडेल अथकले पनि बोलेका थिए ।

## पुम्दीकोटमा बन्दैछ...

पुम्दीकोटको विशाल महादेव मूर्ति भएको परिसरको दक्षिण पश्चिम कुना जहाँबाट हिमाली शृङ्खलाहरू एकसाथ देख्न सकिन्छ । यहाँबाट विभिन्न ११ वटा हिमशिखर एकसाथ अवलोकन गर्न सकिन्छ । यहाँबाट आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम, सात हजार नौ सय ३७ मिटरको अन्नपूर्ण दोस्रो, सात हजार पाँच सय ५५ मिटरको अन्नपूर्ण तेस्रो, सात हजार पाँच सय २५ मिटरको अन्नपूर्ण चौथो, सात हजार चार सय ८५ मिटरको खाङसारकाङ र सात हजार दुई सय ९१ मिटरको अन्नपूर्ण दक्षिण हिमाल देख्न सकिन्छ ।

त्यस्तै छ हजार नौ सय ९७ मिटरको माछापुच्छ्रे, ६ हजार नौ सय ८३ मिटरको लमजुङ, छ हजार चार सय ४१ मिटरको घान्दुक हिउँचुली र ५ हजार सात सय ८१ मिटरको मर्दी हिमाल अवलोकन गर्न सकिनु यहाँको विशिष्टता हो ।

जनस्तरको सक्रियतामा पुम्दीकोटमा निर्मित ५१ फिट अग्लो महादेवको विशाल मूर्ति यतिखेर पोखराको आकर्षक पर्यटकीय गन्तव्यका रुपमा चासो र चर्चा कमाएको छ । समितिले सुरुमा १०५ फिटको उठेको स्वरुपको महादेवको मूर्ति राख्ने लक्ष्य लिएकामा नागरिक उड्डयन प्राधिकरणको सल्लाहमा बसेको स्वरुपको ५१ फिट उचाइको मूर्ति जडान गरिएको हो ।

मूर्ति निर्माणसँगै पुम्दीकोटमा बढ्दै गएको स्वदेशी एवं विदेशी पर्यटकको आगमनले आफूहरूलाई निकै उत्साहित बनाएको समितिका अध्यक्ष बरालले बताए । जनस्तरबाट निर्माण गरिएको महादेव विशाल मूर्तिसँगै गुरुयोजनामा समेटिएका अन्य पूर्वाधार निर्माण अघि बढिरहेको उल्लेख गर्दै बरालले हालसम्मका संरचना निर्माणमा लगभग २६ करोड रुपैयाँ लगानी भइसकेको बताए ।

समितिले मूर्तिसहित संरचना निर्माणका लागि ४० करोड रुपैयाँ लागत अनुमान सहितको गुरुयोजना अनुरुपका कामलाई अघि बढाइरहेको छ । पोखराको मुख्य बजार क्षेत्रबाट करिब १३ किमी दूरीमा रहेको यस स्थानमा आएका पर्यटकले विशाल मूर्तिको अवलोकनसँगै यहाँबाट बृहत् पोखरा उपत्यकासहित धवलागिरि, अन्नपूर्णजस्ता हिमशृंखला नांगो आँखाले हेर्छन् ।

देशका विभिन्न स्थानका साथै भारतलगायत विदेशी मुलुकबाट पनि पर्यटक पुम्दीकोट पुग्ने गरेका छन् । पछिल्ला समयमा बढ्दै गएको आकर्षणले पशुपतिनाथ पछिको दोस्रो तीर्थस्थलका रुपमा पुम्दीकोट स्थापित हुने समितिको विश्वास छ ।

पुम्दीकोटका पर्यटकीय सम्भावनालाई उजागर गर्ने लक्ष्यका साथ विसं २०७३ फागुनमा महाशिवपुराण लगाउँदा ६ करोड १८ लाख रुपैयाँसहित दानस्वरुप २० रोपनी जग्गा प्राप्त भएको थियो । विसं २०७८ मा दोस्रोपटक महायज्ञ लगाउँदा करिब ३ करोड सहयोग प्राप्त भएको अध्यक्ष बरालले जानकारी दिए ।

समितिले बृहत् गुरुयोजनाअनुसार बाँकी काम अघि बढाउँदै गएको छ । मूर्ति स्थापनाका साथै प्रशासनिक भवन, गुरुमहाराज आश्रमसँगै नजिकै पल्लो थुम्कोमा सुमेरु पर्वतकै झल्को दिने गरी संरचना निर्माण गरिसकिएको छ । विशाल मूर्ति रहेको स्थान कैलाश र सुमेरु पर्वतलाई जोड्ने विद्युतीय चियरकार निर्माण गर्ने समितिको कार्ययोजनासमेत छ ।

त्यस्तै शान्ति आश्रम, ज्येष्ठ नागरिक मिलन केन्द्र, बगैंचा आदि निर्माण गर्ने लक्ष्य राखिएको छ । मूर्ति परिसरमा गणेश मनोरेल, शिवलिंग आदि स्थापना भइसकेको छ भने परिसरमा आकर्षक प्रवेशद्वार निर्माण भइरहेको छ । शिवलीला, वन्यजन्तुको जीवनचक्र देखाउने प्रोजेक्टर निर्माण गर्ने समितिको सोच छ ।

पोखरा आउने स्वदेशी एवं विदेशी पर्यटकले नछुटाउने गन्तव्य पुम्दीकोट बनेको समितिका सदस्य मातृका बरालले बताए । पछिल्ला समयमा पोखरा आएका विशिष्ट एवं अतिविशिष्ट व्यक्ति पुम्दीकोट पुग्दा आफूहरू हर्षित भएको उनले बताए ।

'संयुक्त राष्ट्रसंघका महासचिवजस्ता अतिविशिष्ट व्यक्तिको पुम्दीकोटमा भएको आगमनले यहाँको विश्वव्यापी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुगेको छ', उनले भने । फेवातालसहितको पोखरा, अन्नपूर्ण, माछापुच्छ्रेलगायत हिमशृंखला एकसाथ देख्न सकिने पुम्दीकोटमा महादेवको मूर्ति स्थापना गरिएसँगै बजारका विभिन्न स्थानबाट माछापुच्छ्रेको काखैमा महादेव ध्यानमग्न भएजस्तो देखिनुले यहाँको सौन्दर्यतालाई थप उजागर गरेको छ ।

पूर्वाधार निर्माणकै क्रममा हालै विशाल मूर्ति परिसरभन्दा यताको थुम्कोमा सुमेरु पर्वत निर्माण गरिसकिएको बरालले जानकारी दिए । यसका लागि करिब २ करोड रुपैयाँ खर्च भइसकेको र यस परियोजनामा बाँकी ३ करोड रुपैयाँ लगानी थप आवश्यक भएको उनले बताए ।

पोखरामा आउने पर्यटकलाई साँझमा 'लेजर लाइट'मार्फत महादेवको मूर्तिलाई पर्दा बनाइ शिव ताण्डव नृत्य, महादेवको शिवलीलासमेत प्रदर्शनी गरिने समितिको सोच छ । परियोजनाका परिमार्जित गुरुयोजनामा सुमेरु पर्वत नामकरण गरी भूमेश्वर महादेवदेखि सुमेरु पर्वतसम्म पहुँचका लागि विद्युतीय चियर कार, ग्रिनरी पार्क, व्यवस्थित पार्किङस्थल निर्माण गर्ने विषय समेटिएको छ ।

तु-बिक्रीमा

पोखरा-७, स्टेप बाइ स्टेप बोर्डिङ स्कुलको पछाडि १८ X४३ को आकर्षक घडेरी बिक्रीमा छ ।

सम्पर्कः
९८५६०-८००८२

